श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : विभिन्न तहका पञ्चायतका सदस्यलाई प्रत्याह्वान गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१ संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "पञ्चायत (सदस्य प्रत्याह्वान) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

"सदस्य" भन्नाले कुनै पनि तहको पञ्चायतको निर्वाचित, सहवृत्त वा मनोनीत सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँ पञ्चायत तथा नगर पञ्चायतको हकमा प्रधानपञ्च, उप-प्रधानपञ्च र जिल्ला पञ्चायतको हकमा सभापति र उप-सभापति समेतलाई जनाउँछ।

३ प्रत्याह्वान गर्न सकिने : कुनै पनि तहको पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्न सकिनेछ र प्रत्याह्वान भएपछि निज सो पञ्चायतको पदबाट हट्नेछ।

तर–

(१) श्री ५ का मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा नियुक्त भएको राष्ट्रिय पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्न सकिने छैन।

(२) राष्ट्रिय पञ्चायतको मनोनीत सदस्यलाई प्रत्याह्वान गर्न सकिने छैन।

४ प्रत्याह्वान गर्ने अधिकार : (१) देहायका पञ्चायतका सदस्यलाई प्रत्याह्वान गर्ने अधिकार देहायका पञ्चायतलाई हुनेछ :–

(क) राष्ट्रिय पञ्चायतको सदस्यको हकमा अञ्चल सभा र जिल्ला सभालाई,

(ख) जिल्ला पञ्चायतको सदस्यको हकमा जिल्ला सभालाई,

(ग) नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित वा सहवृत्त सदस्यको हकमा सम्बन्धित नगर पञ्चायतलाई, र

(घ) गाउँ पञ्चायत वा नगर पञ्चायतको सदस्यको हकमा गाउँ सभा वा नगर सभालाई।

(२) गाउँ सभा वा नगर सभाको सदस्यलाई प्रत्याह्वान गर्ने अधिकार गाउँ पञ्चायत क्षेत्र वा नगर पञ्चायत क्षेत्रका सम्बन्धित वडाको मतदाताहरूलाई हुनेछ।

स्पष्टीकरण : यस ऐनको प्रयोजनको लागि "मतदाता" भन्नाले प्रचलित नेपाल कानून बमोजिम गाउँ सभा वा नगर सभाको निर्वाचनमा मतदाता हुन योग्यता पुगेको व्यक्ति सम्झनु पर्दछ।

५ प्रत्याह्वान हुने अवस्था : कुनै सदस्य विरूद्ध देहायको आधारमा प्रत्याह्वानको प्रस्ताव ल्याउन सकिनेछ :–

(क) आफू सदस्य भएको निकायमा आफूले गर्नुपर्ने कार्य जिम्मेवारी पूर्वक पूरा नगरेको,

(ख) राज संस्थाप्रति अनास्था दर्शाएको वा पञ्चायती व्यवस्था प्रति भ्रम फैलाएको,

(ग) पञ्च कार्यकर्ताहरूको बीच फूट पैदा गरेको वा गूटवन्दी गरेको, वा

(घ) खराब आचरण वा बदनियतसाथ कार्य गरेको।

आधिकारिक प्रति सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>प्रत्याह्वान सम्बन्धी प्रस्ताव</u> : (१) राष्ट्रिय पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्नको लागि जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरूले समर्थन गरेको प्रत्याह्वानको प्रस्ताव अञ्चल सभा र सम्बन्धित जिल्ला सभाको सदस्यहरूले संयुक्त बैठकमा पेश गर्नु पर्नेछ।

(२) जिल्ला पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्नको लागि जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरूले समर्थन गरेको प्रत्याह्वानको प्रस्ताव जिल्ला सभामा पेश गर्नु पर्नेछ।

(३) नगर पञ्चायतबाट निर्वाचित वा सहवृत्त भएको जिल्ला सभाको सदस्यलाई प्रत्याह्वान गर्नको लागि सम्बन्धित नगर पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरूले समर्थन गरेको प्रत्याह्वानको प्रस्ताव नगर पञ्चायतमा पेश गर्नु पर्नेछ।

(४) गाउँ पञ्चायत वा नगर पञ्चायतको सदस्यलाई प्रत्याह्वान गर्नको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरूले समर्थन गरेको प्रत्याह्वानको प्रस्ताव गाउँ सभा वा नगर सभामा पेश गर्नु पर्नेछ।

(५) गाउँ सभा वा नगर सभाको सदस्यलाई प्रत्याह्वान गर्नको लागि सम्बन्धित वडाका तीन खण्डको एक खण्ड मतदाताहरूले समर्थन गरेको प्रस्ताव सोही वडाका मतदाताहरूको बैठकमा पेश गर्नु पर्नेछ।

७. <u>गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय, अञ्चल वा जिल्ला समितिको स्वीकृति लिनुपर्ने</u> : (१) दफा ६ बमोजिम प्रत्याह्वानको प्रस्ताव सम्बन्धित पञ्चायतमा पेश गर्दा त्यस्तो प्रस्ताव पेश गर्नुभन्दा अगावै,–

(क) राष्ट्रिय पञ्चायतको सदस्य उपरको प्रस्ताव भए गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको,

(ख) जिल्ला पञ्चायत वा जिल्ला सभाको सदस्य उपरको प्रस्ताव भए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको, र

(ग) गाउँ पञ्चायत, नगर पञ्चायत, गाउँ सभा वा नगर सभाको सदस्य उपरको प्रस्ताव भए गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको वा सो समिति पनि नभए गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको स्वीकृति लिनु पर्नेछ।

(२) उप-दफा (१) बमोजिम प्रत्याह्वानको प्रस्तावमा स्वीकृति लिनको लागि सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान समिति समक्ष प्रस्तावकहरूले दफा ६ बमोजिम समर्थन

२५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको प्रस्ताव समेत संलग्न राखी माग गर्नु पर्नेछ र यसरी माग गरिएपछि सो गाउँफर्क राष्ट्रिय अभियान समितिले उक्त प्रस्तावमा स्वीकृति प्रदान गर्ने उपयुक्त सम्झेमा स्वीकृति प्रदान गर्नेछ।

८. बैठकको सञ्चालन : दफा ७ को उप-दफा (२) बमोजिम सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान समितिले स्वीकृति प्रदान गरेपछि प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्याह्वानको प्रस्ताव उपर छलफल गर्न सम्बन्धित पञ्चायतको बैठक बोलाउन र सो बैठकको सञ्चालन गर्न सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान समितिले कुनै व्यक्ति नियुक्ति गर्नेछ।

स्पष्टीकरण : "सम्बन्धित पञ्चायतको बैठक" भन्नाले गाउँ पञ्चायत क्षेत्र वा नगर पञ्चायतको क्षेत्रका वडाका मतदाताहरूको बैठक समेतलाई सम्झनु पर्छ।

९. प्रस्ताव पारित गर्ने : (१) राष्ट्रिय पञ्चायतको सदस्य उपरको प्रत्याह्वानको प्रस्तावलाई अञ्चल सभा र सम्बन्धित जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिने छ।

स्पष्टीकरण : यस उप-दफाको प्रयोजनको लागि अञ्चल सभाको सदस्य संख्याको गणना गर्दा दोह्रोरो गणना नहुने गर्न सम्बन्धित जिल्ला पञ्चायतका सदस्यहरूलाई बाहेक गरी गणना गरिने छ।

(२) जिल्ला पञ्चायतको सदस्य उपरको प्रत्याह्वानको प्रस्तावलाई जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ।

(३) नगर पञ्चायतबाट निर्वाचित वा सहवृत्त भएको जिल्ला सभाको सदस्य उपरको प्रत्याह्वानको प्रस्तावलाई सम्बन्धित नगर पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिने छ।

(४) गाउँ पञ्चायत वा नगर पञ्चायतको सदस्य उपरको प्रत्याह्वानको प्रस्तावलाई सम्बन्धित गाउँ सभा वा नगर सभाको सम्पूर्ण सदस्य संख्याको चार खण्डको तीन खण्ड बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिने छ।

(५) गाउँ सभा र नगर सभाको सदस्य उपरको प्रत्याह्वानको प्रस्तावलाई सम्बन्धित वडाका मतदाताहरूको तीन खण्डको दुई खण्ड बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिने छ।

१०. सफाइको मौका दिने : दफा ९ बमोजिम प्रत्याह्वानको प्रस्तावमा छलफल गर्दा जुन सदस्य उपर प्रत्याह्वानको प्रस्ताव ल्याइएको हो सो सदस्यलाई आफ्नो सफाइ दिने मौकाबाट वञ्चित गरिने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. गाउँ पञ्चायत क्षेत्र वा नगर पञ्चायतको मतदाताको संख्या कायम गर्ने : दफा ६ को उप-दफा (५) र दफा ९ को उप-दफा (५) बमोजिम गाउँ पञ्चायत क्षेत्र वा नगर पञ्चायत क्षेत्रको सम्बन्धित वडाका मतदाताहरूको संख्या कायम गर्दा प्रत्याह्वानको प्रस्ताव ल्याइएको सदस्य निर्वाचित हुँदाको बखत कायम गरिएको मतदाता नामावलीबमोजिम मतदाता संख्या कायम गरिने छ।

१२. प्रस्ताव पारित भएमा प्रत्याह्वान हुने : दफा ९ बमोजिम कुनै सदस्य उपर प्रत्याह्वानको प्रस्ताव पारित भएपछि त्यस्तो सदस्य प्रत्याह्वान भएको मानिने छ।

१३. प्रत्याह्वान गर्न नसकिने अवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य निर्वाचित, सहवृत्त वा मनोनीत भएको मितिले एक वर्षको अवधिभित्र निज उपर प्रत्याह्वानको प्रस्ताव ल्याउन सकिने छैन र एक पटक प्रत्याह्वानको प्रस्तावमा दफा ७ को उप-दफा (२) बमोजिम स्वीकृति प्रदान नगरिएकोमा वा त्यस्तो प्रस्ताव दफा ९ बमोजिम पारित हुन नसकेमा त्यसरी स्वीकृति प्रदान नगरिएको वा प्रस्ताव पारित हुन नसकेको मितिले एक वर्षको अवधिभित्र निज उपर पुनः प्रत्याह्वानको प्रस्ताव ल्याउन सकिने छैन।

१४. एकभन्दा बढी तहमा सदस्य रहनेलाई माथिल्लो तहबाट प्रत्याह्वान गर्नुपर्ने : पदेन सदस्य भएकोमा बाहेक कुनै व्यक्ति पञ्चायतको एकभन्दा बढी तहमा एकसाथ सदस्य भै रहेको अवस्थामा त्यस्तो व्यक्तिलाई सबभन्दा माथिल्लो तहबाट मात्र प्रत्याह्वान गर्न सकिनेछ।

१५. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ।

१६. बाधा अडकाउ : यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अडकाउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अडकाउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ।

१७. पञ्चायत (सदस्य प्रत्याह्वान) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणाम : पञ्चायत (सदस्य प्रत्याह्वान) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,—

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुर्‍याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

५९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिने छ ।

लालमोहर सदर मिति :– २०३३।४।२८।५

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।